का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ फागुन २०७९,
शनिबार
25 February 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## कांग्रेसलाई राष्ट्रपति दिने ८ दलको निर्णय





“नयाँ राजनीतिक यात्रा सुरु भएको छ, यसलाई अगाडि बढाऔं । सत्ता समीकरणमा पनि एकताबद्ध भएर जाऔँ ।

■ **प्रचण्ड**
प्रधानमन्त्री

“पूर्वसहमति तोडेर नेपाली कांग्रेसलाई राष्ट्रपति दिने निर्णयले प्रधानमन्त्री प्रचण्डप्रतिको विश्वासनीयता कमजोर बनेको छ ।

■ **प्रदीप ज्ञवाली**
सचिव, एमाले

# ६१ दिनमै फेरियो समीकरण

**पाँच दलीय चुनावी गठबन्धन बदलेर बनेको सात दलीय सत्ता साझेदार दलहरुको समीकरण ६१ दिनमै टुट्ने स्थितिमा पुगेको छ । शनिबार राष्ट्रपतिमा मनोनयन दर्तासँगै औपचारिक रुपमै सत्तासमीकरण फुटेको घोषणा हुने नेताहरु बताउँछन् ।**

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

गत पुस १० गते बनेको सात दलीय सत्ता गठबन्धन ६१ दिनमै फुटेको छ । राष्ट्रपति निर्वाचनमा सरकारको नेतृत्वकर्ता नेकपा माओवादी केन्द्रसहितका सत्ता गठबन्धन दलले नै कांग्रेस उम्मेदवारलाई समर्थन गर्ने औपचारिक निर्णय गरेसँगै नेकपा एमाले नेतृत्वको गठबन्धन ६१ दिनमै टुट्न पुगेको हो ।

लामो समयको रस्साकस्सी र विभिन्न अड्कलकाबीच सत्तारुढ दल माओवादी केन्द्रसहितका आठ दलले राष्ट्रपतिमा कांग्रेसका उम्मेदवारलाई समर्थन गर्ने टुङ्गो लगाएका छन ।

माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित आठ दलका शीर्ष नेताहरुको शुक्रवार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकले कांग्रेसले तय गर्ने उम्मेदवारलाई राष्ट्रपतिमा सघाउने निर्णय गरेका हुन् ।

आठ दलको बैठकमा दलहरुले आ-आफ्नो दाबी पेश गरेपनि अन्ततः संसदको सबैभन्दा ठूलो दल कांग्रेसलाई राष्ट्रपति दिन सहमति गरेका हुन् । नेकपा एकीकृत समाजवादीका उपमहासचिव प्रकाश ज्वालाका अनुसार यसअघि एकीकृत समाजवादीले पनि राष्ट्रपतिमा दाबी प्रस्तुत गरेको थियो । तर, प्रधानमन्त्री प्रचण्डले संसदको सबैभन्दा ठूलो दललाई राष्ट्रपति दिने गरी प्रस्ताव राखेपछि त्यसैमा सहमति जुटेको हो । 'पुस १० को गठबन्धन टुटेको छ । अब नयाँ ढंगले अघि बढ्नुपर्छ', प्रधानमन्त्री प्रचण्डले बैठकमा राखेको भनाइ उद्धृत गर्दै उपमहासचिव ज्वालाले पत्रकारहरुसित भने ।

साथसाथै उपराष्ट्रपति लगायतका पदहरुका समेत पावर सेयरिङबारे छलफल भएको नेताहरुले बताएका छन् । जसपाले उपराष्ट्रपति लिने अनौपचारिक सहमति जुटेको छ ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाका अनुसार सुरुमा राष्ट्रपति कांग्रेसले लिएपछि माओवादी केन्द्रले उपराष्ट्रपति लिने कोणबाट छलफल भएको थियो । तर, माओवादी र जसपाले नै उपराष्ट्रपति लिने गरी सहमति गरेपछि त्यसउपर आठ दलीय बैठकमा गम्भीर ढंगले छलफल गर्नै परेन । 'जसपाले उपराष्ट्रपति लिने विषय कांग्रेसले राष्ट्रपति लिने समझदारी हुनु अगावै टुंगो लागेको हो' उनले भनेका छन् ।

आठ दलको सहमतिसँगै नेपाली राजनीतिमा नयाँ कोर्षको सुरुवात भएको छ । कांग्रेसका उम्मेदवारलाई – बाँकी पृष्ठ २ मा

बालविवाह सामाजिक र कानुनी अपराध हो ।

- २० वर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
- उमेर नपुगी गरेको विवाह सामाजिक कानुनी अपराध हो,
- त्यसैले अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ

नेपाल सरकार
विज्ञापन बोर्ड

## 'जोखिममा सहकारीको एक अर्ब'

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

एकपछि अर्को गर्दै देशभरका सहकारी तथा लघुवित्त संस्था डुब्न थालेपछि सर्वसाधारणहरु चिन्तित हुन थालेका छन् । सामान्य आम्दानीबाट बचत गरेको पैसा पनि सहकारीले डुबाइदिने अवस्था आएको भन्दै उनीहरु चिन्तित देखिएका हुन् । काठमाडौं महानगरभित्र वित्तीय कारोबार गर्ने करीब एक हजार ६ सय सहकारीमध्ये १२५ वटाले रकम नदिएको भन्दै उजुरी परेका छन् । अहिले उजुरी दिनेको संख्या दिनहुँ बढिरहेको काठमाडौं महानगरपालिकाको सहकारी विभागका प्रमुख देवेन्द्रप्रसाद पोखरेल बताउँछन् । 'हेर्नुस् पछिल्ला दिनमा बचतकर्ताको उजुरी र रकम फिर्ता नपाए विभागमै आत्मदाहको चेतावनी आउँदा म समेत तनाव छ, कहिलेकाही त आजै जागिर छोडिदिऊँ जस्तो पनि लाग्छ, अहिलेसम्म ५६ सहकारी विरुद्धका दुई हजार ८ सय बढी उजुरी प्रहरीमा पठाइसकेका छौं' उनले भने । कुल ९१ करोड ७० लाख बढी सावाँ फिर्ता हुन बाँकी रहेको उनी बताउँछन् ।

> अहिलेसम्म ५६ सहकारी विरुद्धका दुई हजार ८ सय बढी उजुरी प्रहरीमा पठाइसकेका छौं । कुल ९१ करोड ७० लाख बढी सावाँ फिर्ता हुन बाँकी छ ।
>
> **देवेन्द्रप्रसाद पोखरेल**
> सहकारी विभाग प्रमुख
> कामनपा

हाल ओरेन्टल बाहेक कोहिनूर हिल सेभिङ एन्ड क्रेडिट, स्ट्यान्डर्ड – बाँकी पृष्ठ २ मा

# दुईपक्षीय सन्धिमा एकपक्षीय व्याख्या !

अमेरिकी सहयोग सम्बन्धी सम्झौता (एमसीसी) पारित गर्दा नेपालले एकपक्षीय रुपमा व्याख्यात्मक टिप्पणी समावेश गरेर त्यसलाई पारित गरेको थियो । तर यसपटक नियमावलीमै नेपालले आफ्नो हकमा व्याख्या गर्न सक्ने र त्यसका लागि सांसदहरुले संशोधन राख्न सक्ने भनिएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।



दुई पक्षीय सन्धिमा एकपक्षीय व्याख्या गर्न सकिने भएको छ । प्रतिनिधिसभामा पेश भएको प्रतिनिधिसभा नियमावलीमा संसदबाट अनुमोदन गरिने सन्धिमा व्याख्यात्मक टिप्पणी गर्नसक्ने प्रावधान राखिएको हो ।

यसअघि अमेरिकी सहयोग सम्बन्धी सम्झौता (एमसीसी) पारित गर्दा नेपालले एकपक्षीय रुपमा व्याख्यात्मक टिप्पणी समावेश गरेर त्यसलाई पारित गरेको थियो । उक्त व्याख्यात्मक टिप्पणीको कानुनी मान्यताको विषयमा प्रश्नहरु उठेका थिए । नेपालले एकपक्षीय रुपमा गरेको टिप्पणीको अर्थ नहुने तर्कहरु पनि भएका थिए ।

तर, यसपटक नियमावलीमै नेपालले आफ्नो हकमा व्याख्या गर्न सक्ने र त्यसका लागि सांसदहरुले संशोधन राख्न सक्ने भनिएको छ ।

'सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र सो सन्धिको व्यवस्था अन्तर्गत आरक्षण राख्न सकिने रहेछ भने वा त्यस्तो सन्धिको कुनै प्रावधानको व्याख्या नेपाल सरकारले आफ्नो हकमा स्पष्ट गरी घोषणा गर्न सकिने रहेछ वा त्यस्तो प्रस्ताव गरिएको भए सो सम्बन्धी विषयमा सीमित रही संशोधन पेश गर्न चाहने सदस्यले त्यस्तो संशोधनको सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनु पर्नेछ' नियमावलीको नियम २२७ को उपनियम १ मा उल्लेख छ ।

यस व्यवस्था अनुसार दुई देश बीचमा भएका सन्धिहरुमा नेपालले एक पक्षीय रुपमा समेत व्याख्या गर्न सक्नेछ । व्याख्यात्मक टिप्पणीका लागि सांसदहरुबाट परेको संशोधनलाई प्रतिनिधिसभा नियमावलीको अधीनमा रही स्वीकृत गर्न वा अस्वीकृत गर्न सक्ने – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# विदेशमा रहेका कामदारका लागि बचतपत्र बिक्री खुला गरिँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन

वैदेशिक रोजगारमा रहेका नेपाली कामदारलाई लक्षित गरी नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगार बचतपत्र बिक्री खुला गर्ने भएको छ । राष्ट्र बैंकले ५ वर्षका लागि ५० करोड रुपैयाँको वैदेशिक रोजगार बचतपत्र २०८४ 'क' बिक्री गर्न लागेको हो । राष्ट्र बैंकले उक्त बचतपत्रको ब्याजदर १२.५० प्रतिशत तोकेको छ ।

वैदेशिक रोजगारीमा रहेका अतिरिक्त वैदेशिक रोजगारीबाट फर्केको ६ महिना अवधि नपुगेका नेपाली नागरिक र गैरआवासीय नेपालीले आफ्नो परिवारको नाममा उक्त बचतपत्र खरिद गर्न सक्ने राष्ट्र बैंकले जनाएको छ । भारतमा रहेका नेपालीहरूले भने त्यसमा आवेदन गर्न पाउँदैनन् । बचतपत्रको ब्याज ६-६ महिनामा भुक्तानी हुनेछ । राष्ट्र बैंकले फागुन १४ गतेदेखि चैत ३ गतेसम्म बिक्री खुला गर्ने बताएको छ । राष्ट्र बैंकका अनुसार उक्त बचतपत्रमा घटीमा १० हजार रुपैयाँ र बढीमा माग गरिएको कुल रकममा नबढ्ने गरी १० हजार रुपैयाँले भाग हुने रकममा आवेदन गर्न सकिने बताइएको छ ।

बचतपत्र खरिदका लागि आवेदनकर्ताले आफ्नो राहदानी, भिसाको प्रतिलिपि, विदेशी मुद्रामा खाता रहेको भए बचतपत्र खरिदमा प्रयोग भएको उक्त रकम, जम्मा वा खर्च भएको बैंक स्टेटमेन्ट, विदेशमा कार्यरत कम्पनीको म्याद ननाघेको आधिकारिक परिचयपत्रको – बाँकी पृष्ठ २ मा

## 'पासपोर्ट बनाउन एक लाख खर्च'

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले एउटा राहदानीका लागि नेपाली जनताले एक लाख रूपैयाँसम्म खर्च गर्नुपर्ने बाध्यता रहेको बताएका छन् । गत पुसदेखि सेवाग्राहीले राहदानी बनाउन लामो समय पर्खिनु पर्ने बाध्यता सिर्जना भएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भएलगत्तै राहदानीलगायतका सेवाहरू सहज बनाउने निर्णय नै गरेका थिए । तर तीन महिना लामो समय गुज्रिँदा पनि सेवा प्रवाहम – बाँकी पृष्ठ २ मा

## साउदीबाट दुई नेपालीको उद्धार

**काठमाडौं/मस–** साउदी अरेबियाको जेद्धास्थित नेपाली महावाणिज्य दूतावासले विभिन्न कारणले अलपत्र परेका दुई नेपाली कामदारको उद्धार गरेको छ । महावाणिज्य दूतावास प्रवेशद्वारमा अलपत्र अवस्थामा रहेकी टंकमाया आङ्बोका र चोरीको अभियोगमा ५८ हजार रियाल जरिवानामा परेका कृष्णकुमार तामाङलाई स्वदेश फर्काइएको हो ।

साउदी अरबमा लामो समय अलेखवद्धरूपमा रहेकी – बाँकी पृष्ठ २ मा

ROMANIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-REHMAN INTERNATIONAL RECRUITMENT SERVICES SRL  शहर: Romania

पूर्व स्वीकृत मितिः २०७९/०३/०९  चलानी नं.: ६०१८१५९७  L.T. No.:265524  पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | Euro | ने. रु. | | | | | | | |
| 1. | General Worker | 25 | 15 | स. काममा दक्ष | 550 | ७७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

यसै कम्पनीको लागि Cook, 3G Welder, Waiter, House Keeping & Factory Worker को पनि माग भएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन २० गते (4 March 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt.Lic.No. 1403/074/075

NEW LIGHT International Pvt. Ltd.
Samakoshi, Kathmandu, Tel.: +977-01-4380173, 4384185 Mob.:9841071786, 9851045653, 9813566575, 9808319447 | Email: info.newlight1403@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१३ फागुन २०७९, शनिबार
25 February 2023, Saturday

# सडकमा कालो बेलुन उडाएर किसानको आन्दोलन

**विनोद अधिकारी/मध्यान्ह**
चितवन, १२ फागुन




चितवनका किसानले सडकमा कालो बेलुन उडाएर आन्दोलन गरेका छन् । भारतीय तरकारीका कारण स्वदेशी उत्पादनले मूल्य नपाएको भन्दै किसानहरुले शुक्रबार नारायणगढ पुलचोक सडकमा कालो बेलुन उडाएर विरोध जनाएका हुन् । चितवनका किसानहरूले यसअघि पनि राजमार्गमा तरकारी फालेर आन्दोलन गरेका थिए । पहिलो चरणको आन्दोलनपछि पनि आफूहरुको माग सुनुवाइ नभएको भन्दै किसानहरूले दोस्रो चरणको आन्दोलन शुरू गरेका हुन् ।

उत्पादित वस्तुले बजार नपाउँदा सडकमा आएर पटक-पटक आन्दोलन गर्न परेको किसान संघर्ष समितिका संयोजक लेखनाथ भुसालले बताए । 'बारीमा तरकारी उत्पादन भैरहेको छ, बजारमा बिक्री छैन' उनले भने । यसअघि संघीय कृषिमन्त्रीदेखि जिल्ला प्रशासन, कृषि कार्यालय, प्रदेशसहित चितवनका सातवटै स्थानीय तहमा १० बुँदे ज्ञापनपत्र बुझाएका किसान सम्बन्धित निकायले बेवास्ता गरेपछि पुनः विरोधमा उत्रिनुपरेको भुसाल बताउँछन् ।

नेपाली व्यापारीले भारतीय उत्पादनलाई प्रश्रय दिँदा त्यसबाट स्थानीय किसान प्रत्यक्ष मर्कामा परेको भन्दै त्यसको विरोधस्वरूप नचाहेर पनि सडकमा तरकारी फालेको एक महिना नहुँदै पुनः आन्दोलन गर्नुपरेको किसानहरुको भनाइ छ । किसानहरुले माघ २० गते पनि फर्सी, गोलभेँडा, काउली, बन्दालगायतका तरकारी पुलचोकमा ल्याएर फालेका थिए । उक्त प्रदर्शनपछि प्रधानमन्त्री, कृषि मन्त्रीलगायतले किसानका मागहरू सम्बोधन गर्ने आश्वासन दिएका थिए । तर कार्यान्वयन नहुँदा समस्या उस्तै रहेको किसानहरुको गुनासो छ ।

किसानहरूले जीविकोपार्जनका रूपमा तरकारी खेती गरे पनि सरकारले किसानलाई संरक्षण गर्नुपर्नेमा उल्टै दलालहरुलाई संरक्षण गरेको आरोप लगाएका छन् । पटक-पटक आन्दोलन गर्दासमेत सुनुवाइ नभएकाले किसान पीडित बन्ने अवस्थामा रहेको भुसालको भनाइ छ । विगतको तुलनामा तरकारी खेती गर्ने किसानको संख्या पनि घटेकाले ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

## ६१ दिनमै...

समर्थन गर्ने सहमति भए पनि उम्मेदवारको निर्णय गर्ने अधिकार भने कांग्रेसलाई नै दिइएको छ ।

कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्व महामन्त्री कृष्ण सिटौलाको चर्चा चले पनि पछिल्लो समय सभापति शेरबहादुर देउवा समेत राष्ट्रपतिमा आकांक्षीका रुपमा देखिएका छन् । यस्तै पूर्वउपसभापति गोपालमान श्रेष्ठ र नेता मानबहादुर विश्वकर्माको नाम पनि चर्चामा छ । कांग्रेसले शनिवार मात्र उम्मेदवारको टुङ्गो लगाउने भएको छ । कांग्रेस निकट स्रोतका अनुसार राष्ट्रपतिको उमेदवार बन्ने सम्भावना भने रामचन्द्र पौडेलको नै बढी छ ।

'रामचन्द्र पौडेल र कृष्ण सिटौला दुबैजना राष्ट्रपतिको रेशमा हुनुहुन्छ । सिटौलाजीको तीव्र आकांक्षा छ, उपयुक्त उमेदवार पनि हो,' कांग्रेस संस्थापनका ती नेताले भने, 'तर, सभापति शेरबहादुर देउवाजीको इच्छा रामचन्द्र पौडेललाई नै बनाउने पक्षमा देखिएपछि निर्णय पनि सोही अनुरुप नै हुन्छ ।'

**'पूरानो समीकरण भत्कियो'**

१० पुसमा भएको सहमति तोडेर कांग्रेसलाई राष्ट्रपति दिने निर्णय गरेको माओवादी केन्द्र वर्तमान सत्ता समीकरण तोडिएको रुपमा लिन नहुने तर्क गर्दछ ।

कांग्रेसले राष्ट्रपति लिने, जसपाले उपराष्ट्रपति, एमालेले सभामुख र रास्वपाले उपसभामुख लिने र माओवादीले प्रधानमन्त्री लिने विषय प्राकृतिक भएको र यसैलाई आफूहरुले भन्दै आएको राष्ट्रिय सहमति भएको बताउँछन् माओवादी केन्द्रका महासचिव देव गुरुङ ।

'राजनीतिलाई पदको हिसाबले मात्रै हेर्न हुँदैन' उनी भन्छन्, 'राजनीतिक कोर्सले हेर्दा मुलुकको सन्दर्भमा शक्ति केन्द्रको चलखेल चलिराखेको अवस्थामा दलहरु मिल्नुपर्छ । स्थिरताका लागि अधिकतम दलहरु मिल्नुपर्छ ।' सबै दल मिलेर शान्ति प्रक्रियाको काम गर्ने र आर्थिक विकास र सुशासनका लागि काम गर्ने वातावरण बनेको भन्दै उनी राष्ट्रपतिको विषयलाई लिएर एमाले सरकारबाट बाहिरिन आवश्यक नरहेको बताउँछन् । 'एमाले सरकारबाट बाहिरिन पर्ने माओवादीको कुरा छैन्' उनको भनाइ छ ।

तर, एमाले नेताहरु १० पुसको सहमति माओवादी केन्द्रले तोडेको भनी रुष्ट भएको छ । सरकारमा रहने वा नहरने केही नभनी एमाले सचिव प्रदीप ज्ञवाली प्रधानमन्त्री प्रचण्डको भने आलोचना गर्छन् । प्रचण्डले निर्णयले मुलुकलाई सही मार्ग निर्देश नगर्ने उनको ठोकुवा छ ।

उनका अनुसार ८ दलको निर्णयपछि पुस १० मा भएको सत्ता गठबन्धन भंग भएको निक्यौंलसहित एमालेले सरकारबाट बाहिरिने तयारी गरेको छ । एमाले सचिव प्रदीप ज्ञवालीले पूरानो प्रतिवद्दता विर्सेर कांग्रेसलाई राष्ट्रपति दिने निर्णयले प्रचण्डप्रतिको विश्वास कमजोर बनेको बताएका हुन् । 'प्रचण्ड'ले सत्तारुढ गठबन्धन तोडिसकेकाले अब अघि बढ्ने संभावना नरहेको उनले प्रष्ट पारे ।

'राजनीति भनेको भागबण्डा मात्रै हो, र त्यसका लागि जे पनि हुन्छ भन्ने कुरालाई बल पुगेको छ' उनी थप्छन्, 'पूर्वसहमति तोडेर नेपाली कांग्रेसलाई राष्ट्रपति दिने निर्णयले प्रधानमन्त्री प्रचण्डप्रतिको विश्वासनीयता कमजोर बनेको छ ।'

प्रचण्डले गठबन्धन बदल्ने निर्णय गर्नु बाह्य शक्तिको दबावका रुपमा समेत बुझ्नुपर्ने उनी बताउँछन् । 'जस्तो भूराजनीतिक दबावबारे चर्चा भइरहेको थियो । अहिले गठबन्धन बदल्ने कुराले हामी आफ्नो निर्णय गर्न सक्ने शक्ति सामर्थ्यमाथि प्रश्न उठेको छ ' उनले भने ।

स्वयम प्रचण्डले पनि नयाँ राजनीतिक कोर्स सुरु भएको बताएका छन् । एकीकृत समाजवादीका उपमहासचिव ज्वालाका अनुसार प्रचण्डले आठ दलीय बैठकमा भनेका छन्, 'नयाँ राजनीतिक यात्रा सुरु भएको छ, यसलाई अगाडि बढाऔँ । राष्ट्रिय स्वाधीनता तथा जनतालाई सेवा-सुविधा दिने कुरामा एकताबद्ध भएर जाऔँ । सत्ता समीकरणमा पनि एकताबद्ध भएर जाऔँ ।'

अर्थात, पाँच दलीय चुनावी गठबन्धन बदलेर बनेको सात दलीय सत्ता साझेदार दलहरुको समीकरण ६१ दिनमै टुट्ने स्थितिमा पुगेको छ । तथापि, दलहरुले औपचारिक निर्णय लिएका छैनन् ।

## जोखिममा...

सेभिङ एन्ड क्रेडिट, प्यासिफिक सेभिङ एन्ड इन्भेस्टमेन्ट, प्रभु बचत तथा ऋण, कुबेर बचत तथा ऋण, कन्जुमर बचत तथा ऋण, चार्टर्ड सेभिङ एन्ड क्रेडिट, भेगास बचत तथा ऋण, स्ट्यान्डर्ड मल्टिपर्पस, सोसाइटल बचत तथा ऋण र लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था आदि समस्याग्रस्त सहकारी घोषणा भएका छन् ।

'बुढेसकालको सहारा नै त्यति पैसा थियो, जालझेल गरेर खाइदिए, अब त त्यो पैसा नपाउँदै मरिएला कि भन्ने लाग्न थालेको छ' नुवाकोटकी सीता शर्माले भनिन् । उनले काठमाडौंमा रहेको ओरेयन्टल सहकारीमा केही पैसा बचत गरेकी थिइन्, उक्त सहकारी नै संकटग्रस्त बनेपछि उनको अवस्था नाजुक बनेको हो ।

पछिल्ला दिनमा सहकारीले व्यक्तिको मात्रै होइन, संस्थाको रकम पनि डुबाएको भन्दै थुप्रै उजुरीहरु आइरहेका छन् । तथ्यांक हेर्ने हो भने, देशभरिका करिब ३२ हजार सहकारी संस्थामा सर्वसाधारणको झण्डै सात खर्ब रुपैयाँ रकम परिचालन (बचत, शेयर पूँजी सहित) भएको छ । सहकारी सञ्चालकले बचतकर्ताको पैसा घरजग्गामा लगानी गरेकै कारण धेरै सहकारी डुबेको देखिन्छ । त्यतिमात्रै होइन, सहकारीले पैसा डुबाउँछ भन्ने विषय एकाएक फैलिन थालेपछि सबै बचतकर्ता एकैपटक सहकारी पुग्दा कतिपय सहकारीले पैसा दिन नसकेको पनि देखिएको छ । तर, यस विषयमा चुस्त सरकारी संयन्त्र नबन्दा सर्वसाधारणको अरबौं रकम डुब्ने सम्भावना बढेको छ ।

**कमजोर सरकारी संयन्त्र**

देशभरका सहकारीको अनुगमन गर्नका लागि सहकारी विभागसँगै अन्य छानबिन गर्ने निकायको गठन भएपनि उक्त संस्थाले प्रभावकारी काम गर्न सकेका छैनन् । अर्कोतर्फ सहकारीलाई नियमन गर्ने क्षमता स्थानीय र प्रदेश तहमा समेत विकास भएको छैन । तसर्थ, सहकारीले आमसर्वसाधारण ठग्नुमा सरकारी पक्षको कमजोरी प्रमुख कारण भएको विज्ञहरु बताउँछन् । विभागले तरलता, लगानी, बचतको प्रयोग, संस्थागत सुशासन आदिका विषयमा समय समयमा निर्देशन जारी गरेपनि उक्त विषयको कार्यान्वयन नगर्ने सहकारीलाई कारबाही गर्न सकेको छैन । त्यस्तै सहकारी संस्थाले १५ प्रतिशतसम्म तरलता राख्नुपर्ने, घरजग्गामा लगानी न्यून गर्न कुल कर्जा रकमको आधाभन्दा बढी उत्पादनमूलक व्यवसायमा लगानी गर्नुपर्ने लगायत प्रावधान कार्यान्वयन भए/नभएको अनुगमनसम्म छैन । हालसम्म पनि बेथितिमा लगाम लगाउन सहकारी विभाग वा अरू निकायले प्रभावकारी कदम चाल्नै सकेको छैन ।

## दुईपक्षीय...

भनिएको छ । तर, कुनै सन्धिको व्यवस्था अन्तर्गत आरक्षण नराखिएको हकमा संशोधन पेश गर्न सकिने छैन । 'कुनै सन्धिको व्यवस्था अन्तर्गत आरक्षण राखिएको रहेनछ भने त्यस्तो सन्धिमाथि संशोधन पेश गर्न सकिने छैन' नियम २२७ (३) मा उल्लेख छ ।

यसका अलावा प्रतिनिधिसभा नियमावलीमा यसपटक गरेर प्रतिनिधिसभाले आफूले पारित गरेको कानून अडिट गर्ने, कानून अन्तर्गत सरकारले बनाउने नियमावली, निर्देशिका हेर्ने, स्वार्थ बाझिने सासंदलाई संसदीय समितिमा जान नदिने र पत्रकारलाई लवीसम्म जान दिने लगायतका नयाँ व्यवस्था गरेको छ ।

प्रतिनिधिसभामा पेश भएको नियमावली सांसदहरुलाई वितरण गरिएको छ । सांसदहरुको राय सुझावका आधारमा नियमावली पारित हुन्छ र कार्यान्वयनमा आउँछ । यसअघि सबै दलको सहभागिता रहेको प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले सर्वसम्मत रुपमा नियमावलीको मस्यौदा पारित भएकाले परिवर्तन हुने कम सम्भावना रहेको नेताहरु बताउँछन् ।

फागुन ४ गते प्रतिनिधिसभाको नियमावली मस्यौदा समितिले नियमावलीको मस्यौदा पारित गरेको थियो । पारित मस्यौदा, मस्यौदा समितिका जेष्ठ सदस्य जेष्ठ सदस्य चित्रबहादुर केसीले फागुन १० गते प्रतिनिधिसभामा पेश गरेका हुन् ।

मस्यौदा समिति सदस्यहरुमा सांसदहरु अनिता देवी, अमरेशकुमार सिंह, गंगाधर चौधरी, चित्रबहादुर केसी, जीवन परियार, दिलेन्द्रप्रसाद बडू, नागिना यादव, प्रकाश ज्वाला, प्रदीप यादव, प्रेम सुवाल, महेशप्रसाद बर्तौला, रमेश लेखक, लिलानाथ श्रेष्ठ, विद्या भट्टराई, शक्तिबहादुर बस्नेत, सर्वेन्द्रनाथ शुक्ला, सिता गुरुङ, सुवासचन्द्र नेम्वाङ, सोभिता गौतम, हितराज पाण्डे र ज्ञानेन्द्रबहादुर शाही सदस्य थिए ।

## विदेशमा...

प्रतिलिपि, पासपोर्ट साइजका दुईप्रति फोटो, परिवारका सदस्यका नाममा खरिद गर्ने भए उनीहरूको नागरिकता प्रमाणपत्र, नाबालिगको नाममा भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्छ । राष्ट्र बैंकले उच्च महत्व दिएर प्रत्येक वर्ष वैदेशिक रोजगार बचतपत्र बिक्री आह्वान गरेपनि वैदेशिक रोजगारमा रहेका कामदार भने उत्साही नदेखिएको राष्ट्र बैंककै निष्कर्ष छ ।

## साउदीबाट...

टंकमायालाई स्थानीय साउदी रोजगारदाताले ल्याई दूतावासको गेटमा बेवारिसे अवस्थामा छोडिदिएका थिए । महावाणिज्य दूतावासले टंकमायाको कागजपत्र मिलाइ एक्जिट भिसा लिएर तथा चोरीको आरोपमा जेल परेका तामाङमाथि रहेको ५८ हजार रियाल जरिवाना कुटनैतिक पहलमार्फत मिनाहा गराई स्वदेश पठाएको जनाएको छ ।

## पासपोर्ट...

सुधार नहुँदा वैदेशिक रोजगार, भ्रमण, अध्ययन तथा उपचारलगायतका काममा विदेश जानुपर्ने व्यक्तिले सहजरूपमा राहदानी पाउन सकेका छैनन् ।

सांसद खतिवडाले पनि मन्त्रीहरुले राहदानी विभाग भ्रमण गरेर दिएको निर्देशनले काम नगरेको बताए । उनले भने, 'वर्तमान सरकार गठन भएलगत्तै मन्त्रीहरूले राहदानी विभागमा गएर त्यसबारे चासो देखाउनुभएको थियो । तर सेवा सहज बनाउने कुनै काम भएन, आज पनि राहदानी बनाउनेको लाइन त्यत्तिकै लामो छ ।'

विभाग स्रोतका अनुसार हाल दैनिक १० हजार थानभन्दा बढी राहदानीको माग छ । तर विभागले आधाभन्दा केही बढी लगभग ६ हजार थान राहदानी आपूर्ति गरिरहेको छ । विभागले केन्द्रबाट दैनिक २५ सय सेवाग्राहीका लागि नयाँ अनलाइन आवेदन खुला गरेको बताएको छ ।

सांसद खतिवडाले राहदानी लिनका लागि एक महिनाभन्दा लामो समय पर्खनुपरेको तर समस्या समाधानका लागि सरकारले कुनै पहल नगरी बसेको दाबी गरे । सांसद खतिवडाले नेपाली राहदानीको शुल्क पनि अत्यन्तै महँगो भएको बताए । '१ हजार ४ सय रूपैयाँमा बनेको राहदानी लिनका लागि जनताले २० हजार रूपैयाँसम्म तिर्नुपर्ने अवस्था छ,' उनले भने, 'त्यति धेरै शुल्क तिर्दा पनि सजिलोसँग राहदानी पाएको अवस्था छैन ।'

सरकारले गरिबले लिने राहदानीका लागि महँगो दस्तुर तोकेको तर रातो पासपोर्ट भने निःशुल्क वितरण गरेर विभेद गरेको भन्दै सांसद खतिवडाले रातो पासपोर्टका लागि पनि शुल्क तिराउनुपर्ने व्यवस्था गर्नुपर्ने माग गरे ।

# बृन्दावन नगर प्रमुख र प्रमुख कार्यकारीविरुद्ध ज्ञापन पत्र



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ फागुन ।

बृन्दावन नगरपालिकाका नगर प्रमुख विनोदप्रसाद कुर्मी र प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलविरुद्ध नगरपालिकाका निर्वाचित जनप्रतिनिधि तथा राजनीतिक दलहरुले ज्ञापनपत्र बुझाएका छन् । नगर प्रमुख कुर्मी र प्रमुख प्रशासकीय अधिकृत भुजेलले नगरपालिकालाई जनताको हक हितमा नभई आफ्नो निजी स्वार्थका लागि सञ्चालन गर्दै आएको भन्दै उनीहरुले नगरपालिकाका निमित्त प्रमुख दिलिप यादवलाई ज्ञापनपत्र बुझाएका हुन् ।

शुक्रबार बुझाइएको ज्ञापनपत्रमा निर्वाचित जनप्रतिनिधि तथा राजनीतिकर्मीहरुले विभिन्न माग समेत राखेका छन् । कांग्रेसका पूर्व मेयर रामस्नेही राय यादव, नेकपा एमाले क्षेत्रीय इन्चार्ज तथा मेयरका प्रत्यासी प्रेमशंकर राय यादव, प्रदेश कमिटी सदस्य नेकपा माओवादी केन्द्र पार्टीका प्रतिनिधि तथा मेयरका प्रत्यासी रामप्रसाद पटेल, वडा नं-२ का वडाअध्यक्ष सिकिन्द्र राउत कुर्मी, वडा नं-३ का वडाअध्यक्ष हरिनारायण साह, वडा नं-४ का वडा अध्यक्ष श्यामनन्दन राय यादव वडा नं-५ का वडाअध्यक्ष फेकु दास लगायतले ज्ञापनपत्र बुझाएका हुन् ।

नगरप्रमुख कुर्मीले जनचाहनाको मर्म विपरित स्थानीय तह ऐन २०७४ तथा प्रचालित ऐन कानून विपरित काम गर्दै आएकोमा नगरपालिका भित्रका विभिन्न राजनीतिक दलहरुको नगर प्रमुख प्रत्यासीहरु र ती दलको गम्भीर ध्यानाकर्षण भएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । यसअघि प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख र सशस्त्र जिल्ला प्रहरी प्रमुख लगायतको समन्वयमा जिल्ला प्रशासन कार्यालय गौरमा जिल्ला प्रमुखहरुको रोहवरमा सत्ता पक्ष र प्रतिपक्षबीच भएको वार्तामा दुवै पक्षबीच लिखित सहमति भएको थियो । तर नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले वार्तामा भएका सहमतिलाई वेवास्ता गरी आफूखुशी मनोमानी ढंगले कानून विपरित कर्मचारी हाजिरी रजिष्टर, दर्ता चलानी रजिष्टर, चेक बुक लगायतका प्रमुख कागजातहरु कार्यालयबाट गायब गरिएको र विगतदेखि गर्दै आएको गैर कानुनी कार्यहरुलाई निरन्तरता दिने कार्यहरु भएकोमा घोर आपति जनाइएको छ । त्यसैले बाध्य भई शान्तिपूर्ण आन्दोलन गर्न परेको विज्ञप्तिमा जनाइएको छ। आन्दोलनको क्रममा हुने सम्पूर्ण समस्या तथा क्षतिहरुको जिम्मेवार नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नै हुने चेतावनी पनि दिइएको छ ।

ज्ञापनपत्र बुझाएका जनप्रतिनिधि तथा राजनीतिक दलहरुले नगरपालिकासँग सूचनाको हक सुनिश्चित गर्न समेत माग गरेका छन्। उनीहरुले २०७९ असार ३ देखि हालसम्म नगरपालिकाको प्रमाणित बैंक स्टेटमेन्टको प्रमाणित प्रतिलिपि, यस बीचमा नगरपालिकामा खरिद गरिएका जिन्सी सामानहरुको भुक्तानीको प्रमाणित प्रतिलिपि माग गरेका छन्।

यस्तै असार ३ देखि हालसम्म वृन्दावन नगरपालिकाको गिट्टी बालुवा उत्खननको बैंक दाखिलाको प्रमाणित प्रतितिपि तथा रसिद ठेली संख्या, यस अवधिमा नगरपालिकामा सञ्चालन भएका योजना र ती योजनालाई दिइएको भुक्तानीको सम्पूर्ण बिल भरपाई र स्टिमेट मूल्यांकनहरुको प्रतिलिपि समेत माग गरेका छन् । साथै नगरपालिकाको सम्पूर्ण बजेट, वडास्तरीय सिलिंगसहितको बजेट विनियोजनमध्ये नगरपालिका स्तरीय कति विनियोजित र अरु रकमहरु कति-कति नगर परिषद्बाट विनियोजित भएका हुन् भन्ने बारेको प्रमाणित प्रतिलिपि पनि माग गरेका छन् ।

# तीनवटै तहमा एमाले बहुमतको पार्टी बनाउँछौं : सिंह

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १२ फागुन




नेकपा एमालेका केन्द्रीय सदस्य डम्बरबहादुर सिंहले एमालेले देशका तीनवटै तहमा बहुमतको पार्टी बनाउने उदेश्यले मिसन ग्रासरुट अभियान सञ्चालन गरिएको बताएका छन् ।

हुम्लामा शुक्रबार प्रेस चौतारी नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा केन्द्रीय सदस्य सिंहले एमालेको अबको लक्ष्य स्थानीय तह, प्रदेश र संघमा बहुमत ल्याउनु रहेको बताए । यही उदेश्यले दुई महिना मिसन ग्रासरुट अभियान थालनी गरेको उनले जानकारी गराए । हुम्ला जिल्लाका सात वटा गाउँपालिका र ४४ वटै वडामा मिसन ग्रासरुट थालनी गरिएको बताउँदै उनले जनताबाट उठेका कुरालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाए । नेपालका ७७ वटै जिल्लामा मिसन ग्रासरुट प्रतिनिधिलाई खटाइसकिएको पनि उनले जानकारी गराए ।

केन्द्रीय सदस्य सिंहले मानसरोवरको मुखमा रहेको धार्मिक पर्यटकीय स्थलकारुपमा रहेको हुम्ला राष्ट्रिय सडक सञ्जालसँग अझै नजोडिएकोमा दुःख व्यक्त गरे। त्यस्तै उनले कोभिडका कारण देशमा आर्थिक गिरावट आएको पनि स्मरण गरे।

सम्मेलनमा उपस्थित पत्रकार हरुले जिल्लाका महिला श्रमिकहरुले पाउँदै आएको ज्याला, जिल्लामा भएका क्याम्पसको पठनपाठन, लघुवित्त संस्थाले जनताको ढाड सेक्ने गरी उठाएको ब्याजलगायत विविध समस्यालाई नेकपा एमालेले सम्बोधन गर्नुपर्ने बताएका थिए । पत्रकारहरुको सुझावका विषयलाई फागुन १३ गतेदेखि हुने नेकपा एमालेको मिसन ग्रासरुट अभियान टोलीले खोजी गर्ने एमाले पार्टी कार्यालय स्रोतले जनाएको छ ।

प्रेस चौतारी हुम्लाका अध्यक्ष नन्द सिंहको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा केन्द्रीय पर्यटन विभागका सदस्य लंकबहादुर शाही, प्रदेश कमिटी उपसचिव रुपा शाही, प्रदेश कमिटी सदस्य गोविन्द शाही, जिल्ला कमिटी हुम्लाका उपाध्यक्ष डबल रावत, सचिव तिर्थराज बोहरा लगायतको उपस्थिति रहेको थियो ।


**मलेसियामा रोजगार ।** कम्पनी: CT HENG FURNITURE SDN BHD
शहर: Malaysia, SUNGAI MATI LEDANG

पूर्व स्वीकृत मितिः २०७९/०८/१२ | चलानी नं.: ६०१९२२४९ | L.T. No.: 276633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २० गते (4 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP 1 (FY 2020-2021) | TOP 11 (FY2021-2022) | ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

# ‘राष्ट्रपति निर्वाचनमा विदेशी हस्तक्षेप बढ्यो’

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १२ फागुन

नेकपा एमालेका नेता भीम रावलले राष्ट्रपतिको निर्वाचनमा विदेशी हस्तक्षेप बढेको बताएका छन्। शुक्रबार वीरेन्द्रनगरमा पत्रकारसँग कुरा गर्दै रावलले राष्ट्रपतिको निर्वाचनमा विदेशी हस्तक्षेप बढ्नु र राष्ट्रपतिको निर्वाचनलाई लिएर विदेश राजदूतसँग भेटघाट हुनु दुखद् भएको बताए । विदेशी हस्तक्षेपले देशको राष्ट्रियतामा गम्भीर संकट पर्ने उनको भनाइ थियो ।



राजनीतिक दलहरु जनताको हितमा भन्दा पनि आफ्नो पद र स्वार्थका लागि मात्रै केन्द्रित बनेका उनको आरोप थियो । नेता रावलले अहिलेको गठबन्धन धेरै समय टिक्न नसक्ने र पुरानै गठबन्धन कायम हुने समेत टिप्पणी गरेका छन् । वर्तमान गठबन्धन कुनै नीति निर्देशनबाट नबनेको उनको दाबी थियो ।

# बढ्न थाल्यो आगलागीका घटना, २ जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन

पछिल्लो केहि दिनयता आगलागीका घटना बढ्न थालेका छन्। तेह्रथुम र पाँचथरमा आगलागीबाट मानविय साथै धनजनमा समेत क्षति पुगेको छ । पाँचथरमा आगलागीमा परी दुई बालकको मृत्यु भएको छ ।

पाँचथरमा आगलागीमा परी दुई बालकको मृत्यु भएको छ। हिलिहाङ गाउँपालिका-७ यवाडाँडाका प्रेम पन्थाकको मतान घरमा आगलागी हुँदा सोही स्थानमा शर्ण पन्थाकका पाँच वर्षीय छोरा सेसेहाङ पन्थाक र फिदिम नगरपालिका-५ का सन्तोष खातीका चार वर्षीय छोरा निशान खातीको जलेर मृत्यु भएको हो । परिवारका सबै सदस्य घाँस दाउँरामा गएको समयमा दिउँसो आगलागी भएको प्रहरीले जनाएको छ ।

आगलागीमा मतान घरको माथिल्लो तलाको कुनामा पहिचान हुन नसक्ने अवस्थामा बालकहरूको शव फेला परेको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायब उपरीक्षक हरि खतिवडाले जानकारी दिए । आगलागीमा मतान घर पूर्णरूपमा जलेको छ। आगलागीको कारण खुलेको छैन । मृतक फिदिम-५ का बालक मावली घर गएको बुझिएको छ । घटनाको विस्तृत विवरण आएको छैन।

यसैबीच तेह्रथुमको आठराई गाउँपालिका-६ स्थित हात्तीखर्कको बस्तीमा आगलागी भएको छ । आगलागीबाट १४ घर जलेर पूर्णरूपमा क्षति भएको छ । १४ घरमध्ये नौ घरमा मानिस बासोबास गरिरहेको र पाँच घर खाली रहेका थिए । नौ घरको अन्नपात र लत्ताकपडा सबै जलेर नष्ट भएको छ ।

# अखिल नेपाल महिला संघ समाजवादीको अध्यक्षमा शाही

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १२ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) निकट अखिल नेपाल महिला संघ (समाजवादी)को रुकुम पश्चिमको जिल्ला कार्यसमिति हेरफेर गरिएको छ ।

मुसिकोटमा भएको एक भेलाले भगवती शाहीको अध्यक्षतामा ५१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

संघको उपाध्यक्षमा शुद्ध कुमारी भण्डारी, सचिवमा चिना विक, सह-सचिवमा बन्दना खड्का र कोषाध्यक्षमा यमुना शर्मालाई चयन गरिएको एकीकृत समाजवादी रुकुम पश्चिमका जिल्ला उपाध्यक्ष कल्याणी खड्काले जानकारी दिइन् ।

बागमती प्रदेश सरकार
**भौतिक पूर्बाधार विकास मन्त्रालय**
## शहरी विकास तथा भवन कार्यालय
हेटौंडा, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धी सूचना

**प्रकाशित मिति : २०७९/११/१३**

यस कार्यालयवाट मिति २०७९/०९/११ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आवह्न सम्वन्धी सूचना प्रकाशित गरिएकोमा तपशिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई यसै सूचनाबाट जानकारी गराइन्छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अकं (Excluding VAT & PS) रु. |
|---|---|---|---|---|
| 1 | UDBO/MAK/NCB/WORK/2079/80-9 | 1. Blacktop Road from Kavrechok to Trichok Bharatpur 16 Chitwan<br>2. Blacktop Road from Bogati Chok to Madighol Bharatpur 16 Chitwan<br>3. Karki Chok baata Virgin chok sammako sadak Kalo Patre Bharatpur 16 Chitwan<br>4. Chapagain Chok bata Sunder Chok Sammako Bato Kalopatre Bharatpur 16<br>5. Upgrading work of Siddhababa Temple Road Bharatpur 27 Chitwan<br>6. Janakalyan Marg Kalopatre Bharatpur 6 Chitwan | Barpipal Construction Bharatpur-19, Chitwan | 10,725,544.55 |
| 2 | UDBO/MAK/NCB/WORK/2079/80-10 | 1. Upgrading of road from Muktinagar Chok to Power House Chok Bharatpur 11 Chitwan<br>2. Wild animal fencing work from SiddhiGanesh Community forest to SetiDevi Forest Bharatpur 16 Chitwan.<br>3. Furtichokma Sadak Dhalan Bharatpur 16 Chitwan | Mahesh Construction Bharatpur-5, Chitwan | 4,741,150.55 |
| 3 | UDBO/MAK/NCB/WORK/2079/80-11 | 1. Upgrading of road from Krishnanagar to Dudhedebi Hetauda 6 Makwanpur<br>2. Pragati Tole Slab Dhlan Hetauda 9 Makwanpur<br>3. Construction of truss and dhikure pati at Kushmandau Sarobar Triweni Dham Hetauda Makwanpur | Shubha Prabhat Nirman Sewa Hetauda-8,Kamane Makawanpur | 3,760,730.54 |

**कार्यालय प्रमुख**

प्रदेश सरकार
**पर्यटन वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
## डिभिजन वन कार्यालय
गाईघाट, उदयपुर
प्रदेश नं. १

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति २०७९/११/१३**

यस कार्यालयबाट मिति २०७९/०९/२७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Construction Works of Mainamaini Forest Sub-Division Office, Udayapur सम्बन्धी सूचना अनुसार यस कार्यालय अन्तर्गत रहेको सव–डिभिजन वन कार्यालय (मैनामैनी) को भवन निर्माणको लागि E-bidding मार्फत तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिलको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिई मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा १, २ र ३ र सोहि ऐनको ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क. सं. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (PS सहित मू.अ.कर बाहेक ) |
|---|---|---|---|---|
| १ | DFO/Gaighat/Udayapur/NCB/Works/01-2079/80 | Construction Works of Mainamaini Forest Sub-Division Office, Province No-1 | Prayan Construction, Khadak Municipality-5 Kharchuhiya, Saptari | ४४,११,७३२.५५ (अक्षरुपी चौवालीस लाख एघार हजार सात सय बत्तीस रुपैया पचपन्न पैसा मात्र) |


**Malaysia मा रोजगार** UMR Cleaning Services Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०७९/११/११ चलानी नं. ६०१९७१७८ LTNo. : 281557

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Washing and cleaning Workers | 30 | साधारण | 1500 | ४४,७६५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ फागुन २० गते (4 Mar, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**SALAM OVERSEAS SERVICES PVT. LTD.**
श्रम इजाजत नं.: १४८०/०७४/०७५
Samakhushi, Town Planning-26, Kathmandu, Tel : 01-4963444
Email : salamoverseashr@gmail.com

**MALAYSIA मा रोजगार** | कम्पनी: UNIHAKKA INTERNATIONAL SDN BHD
शहर : Malaysia,TAMPOI

पूर्व स्वीकृत मितिः २०७९/११/१२ चलानी नं.: ६०१९७१५९ LT. No.: 281671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 26 | 0 | स. काममा दक्ष | 1500 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २० गते (4 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**KAMKHYA OVERSEAS Pvt. Ltd.**
Gov. Lic No. 1395/074/075
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4473943, 985132195
Email : kamakhyaoverseas@gmail.com, Web.: www.kamakhyaovs.com
Mob: 9861517763, 9861517763, 9851225335

**मलेसियामा रोजगार** | कम्पनी: MEGA KABEL SDN.BHD.
शहर: MALAYSIA, Johor

पूर्व स्वीकृत मितिः २०७९/११/१२ चलानी नं.: ६०१९७१६६ LT. No.: 281662

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २० गते (4 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Oriental Overseas Pvt. Ltd.**
श्रम ई. पत्र नं.: ३२५/०५९/०६०
Dhapasi Road, Tokha 5, Basundhara, Kathmandu, Nepal, Tel.:4986370/4955563
Email: oriental pl325@gmail.com

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : LINACO MANUFACTURING (M) SDN BHD
शहर : Malaysia, JOHOR

पुर्व स्वीकृत मितिः २०७९/११/१२ चलानी नं.: ६०१९७१४६ LT. No.: 281652

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 70 | 0 | स. काममा दक्ष | 1500 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन २० गते (4 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**WIN RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं. १३८३/०७४/०७५
Samakhusi, Kathmandu, Nepal, Tel.: 01-4965386,
Mobile No.: 9801112250/9801112262/9801112267

**कतारमा वैदेशिक रोजगार** | कम्पनी : TEA TIME
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/११/१२ चलानी नं.: ६०१९७१७३ L.T. No.: 271719

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 4 | 0 | | 1400 | ५०,६६६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २० गते (4 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.**
LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल
